कोशी प्रदेश सरकार

# कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान

विराटनगर, नेपाल

## घरभाडा लिने सम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/०५/२५

यस कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान, विराटनगरलाई कार्यालय प्रयोजनका लागि घरभाडामा लिन आवश्यक भएकाले इच्छुक घरधनीहरूबाट देहायका शर्त तथा विवरणको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातसहित प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१) घर आवश्यक भएको क्षेत्र वा स्थानः विराटनगर महानगरपालिकाको उत्तरतर्फको नगर प्रवेशद्वार भन्दा दक्षिण रोडशेप चोकभन्दा उत्तर, धरान- विराटनगर राजमार्गको पायक पर्ने स्थान (सिंघिहा खोलाभन्दा पश्चीम, नोवेल अस्पताल छेउको नहर पूर्व)।

२) घरको प्रकृति र न्यूनतम मापदण्डः भाडामा लिन प्रस्ताव गरिने घरजग्गामा देहायका न्यूनतम सुविधा तथा मापदण्ड पूरा भएको हुनुपर्नेछः

- आरसीसी ढलान सहितको पक्की घर भएको,
- एउटा हल सहित न्यूनतम ६ वटा प्रयोगयोग्य कोठा भएको,
- प्रयोगयोग्य शौचालय भएको,
- नियमित खानेपानी, ढलनिकास तथा विद्युतको सुविधा भएको,
- न्यूनतम १ वटा चारपांग्रे, ५ वटा दुई पांग्रे सवारी साधन पार्किङ हुने क्षेत्र भएको,
- कम्पाउन्ड वाल तथा गेटको व्यवस्था भएको,
- सुरक्षित, सफा र रंगरोगन भएको।

३) घरभाडा निर्धारण सम्बन्धी व्यवस्थाः सार्वजनिक खर्चको मापदण्ड र मित्तव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार घरभाडा निर्धारण समितिले निर्धारण गरे बमोजिमको घरभाडा हुनेछ।

४) प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः

- घरजग्गा उपलब्ध गराउने निवेदन,
- जग्गाधनी प्रमाण पत्र पुर्जाको प्रतिलिपि,
- घर नक्सापास तथा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि,
- चालु आर्थिक वर्षको मालपोत/सम्पत्ती कर तिरेको रसिद,
- घरधनीको नागरिकताको प्रतिलिपि,
- घरधनीको सम्पर्क नम्वर तथा ठेगाना,
- घरभवनको हालसालैको फोटो,
- आफूले अपेक्षा गरेको मासिक घरभाडा रकम (कर सहित)

५) सम्झौता सम्बन्धी व्यवस्थाः छनोट भएको घरधनीसँग प्रचलित कानूनवमोजिम घरभाडा सम्झौता गरिनेछ।

६) प्रस्ताव पेश गर्नुपर्ने स्थानः कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान,, विराटनगर।

७) प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०६/०८ गते कार्यालय समयसम्म।

८) घरभाडा भुक्तानी तथा अन्य शर्तहरुः प्रचलित कानून बमोजिम हुनेछ।

लिलाराज भट्टराई
प्रदेश प्रेस रजिष्ट्रार

Email: admin.kpci@gmail.com
Phone No.: 9852004398